# चिशंखुगढी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सेर्ना, ओखलढुंगा,

१ प्रदेश, नेपाल

## शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

प्रथमपटक प्रकाशित मिति : २०७७।०६।१२

यस गाउँ कार्यपालिकाको कार्यालयलाई आ.व.२०७७/०७८ को लागि आवश्यक पर्ने तपशिल बमोजिमका विविध सामानहरु आपूर्ति तथा छपाई गर्न इच्छुक फर्म/कम्पनीले देहायका सर्तहरुको अधिनमा रहि रितपूर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. दरभाउपत्र फाराम यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १५औं दिनसम्म कार्यालय समयभित्र प्रत्येक प्याकेजका लागि छुट्टाछुट्टै रु १०००।- (एक हजार मात्र) फिर्ता नहुने गरी आर्थिक प्रशासन शाखाबाट रकम वुझाएको रसिद लिई स्टोर शाखावाट फाराम खरिद गर्न सकिने छ ।

२. दधरभाउपत्र सूचना प्रकाशित भएको मितिले १६औं दिन दिनको १२:०० वजेभित्र दरभाउत्र फाराम अंक र अक्षरमा मूल्य प्रष्ट खोली फर्मको नाम, छाप र अधिकारवालाको सहिसहित शिलबन्दी गरी यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ ।

३. दाखिला हुन आएका दरभाउपत्रहरु सूचना प्रकाशित भएको मितिले १६औं दिन, दिनको १:०० बजे यस कार्यालयमा उपस्थित फर्म/कम्पनीको प्रतिनिधि र अन्य प्रतिनिधिहरुको रोहबरमा खोलिने छ तर दरभाउपत्रदाताका प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

४. दरभाउपत्र साथ दरभाउपत्र जमानत रकम तपशिलमा उल्लेखित अनुसार यस कार्यालयको कुमारी बैंक चिशंखुगढी शाखामा रहेको धरौटी खाता नं ०९२००४८६२५४००००६ मा नगद जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको बिडबन्ड दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिले ७५ दिनसम्मको मान्य अवधि (भ्यालिडिटी पिरियड) भएको हुनुपर्नेछ ।

५. आपूर्तिकर्ताले दरभाउपत्रमा उल्लेख भएअनुसार गुणस्तरयुक्त सामानहरु आपूर्ति गर्नु पर्नेछ । आपूर्ति गरेका सामानहरु गुणस्तरयुक्त भए/नभएको विज्ञबाट जाँच गराउन सकिनेछ र जाँच गराउँदा सो बमोजिम नभएमा फिर्ता लगी गुणस्तरयुक्त सामान उपलब्ध गराउनु पर्नेछ । कार्यालयको आवश्यकताअनुसार सामान घटी वा बढी पनि खरिद गर्न सकिनेछ ।

६. दरभाउपत्र पेश गर्न इच्छुक रजिस्टर्ड फर्म/कम्पनीहरुले कम्पनी र फर्म अद्यावधिक रहेको प्रमाण पेश गर्नु पर्नेछ, मूल्य अभिवृद्धि कर, आयकर दर्ता प्रमाणपत्र र आ.व.२०७५।७६ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि दरभाउपत्र फारामसाथ संलग्न गर्नुपर्नेछ ।

७. दरभाउपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले साजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा पत्र पेश गर्नु पर्नेछ ।

८. दरभाउपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन कार्यालय समयमा खरिद गर्न र दाखिला गर्न सकिनेछ ।

९. यस सूचनामा छुट भएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ र चिशंखुगढी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ तथा अन्य प्रचलित ऐनको नियम बमोजिम हुनेछ ।

१०. यस सम्बन्धी थप कुराको जानकारी आवश्यक परेमा कार्यालय खुलेको दिन कार्यालय समयभित्र यस गाउँपालिकाको कार्यालयको फोन नं. ०३७-६२००७५ मा सम्पर्क राख्न सकिनेछ ।

तपशिल:

| सि.नं. | दरभाउपत्र नं. | कामको विवरण | ठेक्काको किसिम | लागत अनुमान (मु.अ.कर बाहेक) रु. | दरभाउपत्र फराम दस्तुर रु. | जमानत रकम रु. |
|---|---|---|---|---|---|---|
| १ | १/२०७७/०७८ | स्टेशनरी तथा कार्यालय सामानहरु | दरभाउपत्र | १७,६५,०००।- | १०००।- | ५०,०००।- |
| २ | २/२०७७/०७८ | व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली सम्वन्धी मेसिनरी औजारहरु | दरभाउपत्र | ७,४३,३७२।- | १०००।- | २०,०००।- |
| ३ | ३/२०७७/०७८ | पुस्तक छपाई तथा छपाई सम्वन्धि अन्य कार्य | दरभाउपत्र | ६,२५,०००।- | १०००।- | १७,०००।- |

**प्रमुख प्रशासकीय अधिकृत**